# प्रतिलिपि अधिकार

## (संक्षिप्त परिचय)



नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

## प्राक्कथन:

प्रतिलिपि अधिकार व्यवस्थाले मानिसको रचनात्मक कामहरूको संरक्षण गर्दछ । समाजको विकासका लागि सिर्जनात्मक, रचनात्मक र आविष्कारमूलक कामहरू धेरै भन्दा धेरै हुन जरूरी छ । त्यसैले हरेक मुलुकले रचनात्मक र अनुसन्धानमूलक कामहरूलाई प्रोत्साहन गर्ने नीतिहरू अख्तियार गरेको पाइन्छ । त्यसै अनुसार कुनै पनि रचना, सिर्जना, प्रस्तुति वा आविष्कार उपरको एकलौटी अधिकार स्रष्टा, सर्जक र आविष्कारकमा नै रहने व्यवस्था बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी कानूनहरूले गरेका हुन्छन् । प्रतिलिपि अधिकार व्यवस्थाले देशको साहित्य, कला, संस्कृति, ज्ञान-विज्ञान आदिको विकासमा टेवा पुऱ्याउँछ । यसबाट सिर्जनात्मक र कलात्मक कार्यमा आधारित उद्यम व्यवसायहरूको विकास हुन्छ । देशमा रोजगारी र आय आर्जनमा ठूलो योगदान पुग्दछ र राष्ट्रिय उत्पादनमा पनि उल्लेखनीय बृद्धि हुन जान्छ ।

नेपालमा प्रतिलिपि अधिकार सम्बन्धी कानून वि.सं. २०२२ सालमा लागू भएको थियो । तर यो ऐन पछिल्लो समयमा विकसित अन्तर्राष्ट्रिय पद्धति र मापदण्ड अनुकूल नभएकोले नयाँ प्रतिलिपि अधिकार ऐन, २०५९ ल्याएको हो । यसै गरेर नेपालमा प्रतिलिपि अधिकार व्यवस्थाको सुदृढीकरण गर्न र प्रतिलिपि अधिकार विषयमा ज्ञान, सीप र चेतना विस्तार गर्न नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय वि.सं. २०६१ सालमा स्थापना भयो । प्रतिलिपि अधिकार सम्बन्धी ज्ञान, सीप र सचेतना विस्तार गर्ने कार्याललीय दायित्व निर्वाह गर्ने क्रममा प्रतिलिपि अधिकार सम्बन्धी यो संक्षिप्त जानकारीमूलक पुस्तिका तयार पारिएको हो । यस पुस्तिकामा प्रतिलिपि अधिकार सम्बन्धी आधारभूत कुराहरू संक्षेपमा प्रकाश पारिएको छ । मूलतः यो पुस्तिका विश्व बौद्धिक सम्पत्ति संगठनबाट प्रकाशित यस सम्बन्धी प्रकाशनहरू र प्रतिलिपि अधिकार ऐन, २०५९ को अध्ययन गरेर तयार पारिएको छ । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट सञ्चालन गरिने तालीम, गोष्ठी, सेमिनार लगायतका प्रतिलिपि अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रमहरूमा यो पुस्तिका वितरण गरिनेछ । प्रतिलिपि अधिकार बारे सामान्य जानकारी दिलाउन र यस सम्बन्धी जिज्ञासा र चासो जगाउन यो पुस्तिका सफल हुनेछ भन्ने विश्वास गर्दछु ।

२०६८ माघ

बिसु कुमार के.सी.
रजिष्ट्रार

# प्रतिलिपि अधिकारको परिचय

मानिसको बुद्धिले सिर्जना गरेका सबै कुरा बौद्धिक सम्पत्ति हुन् । बौद्धिक सम्पत्ति सम्बन्धी कानूनले बौद्धिक सम्पत्ति अधिकारको संरक्षणको व्यवस्था गर्दछ । बौद्धिक सम्पत्तिका मूलतः दुई हाँगा छन् । (१) प्रतिलिपि अधिकार (२) औद्योगिक सम्पत्ति अधिकार । आविष्कारमूलक कामको लागि पेटेण्ट, वस्तुको मौलिक डिजाईनको संरक्षणको लागि डिजाईन अधिकार र उत्पादकले आफ्नो वस्तु तथा सेवाहरूलाई अरूको भन्दा फरक देखाउन र चिनाउन प्रयोग गर्ने चिन्हहरूको संरक्षणको लागि ट्रेडमार्क अधिकार आदि औद्योगिक सम्पत्ति अधिकार अन्तर्गत पर्दछ ।

प्रतिलिपि अधिकारले भने मानिसले गरेका रचना वा अभिव्यक्तिको संरक्षण गर्दछ । त्यस्तो रचना वा अभिव्यक्ति मौलिक हुनु पर्दछ र मूर्त अर्थात सादृश्य रूप (Tangible form) मा प्रस्तुत गएिको हुनु पर्दछ । तर प्रतिलिपि अधिकारले त्यस्तो रचना वा प्रस्तुति गुणस्तरीय, उपयोगी वा मूल्यवान हुनु पर्दछ भन्ने आग्रह राख्दैन । प्रतिलिपि अधिकार स्वतः प्राप्त हुन्छ, दर्ता वा अन्य कुनै औपचारिकता पूरा गर्नु पर्दैन । आफ्नो प्रतिलिपि अधिकार संकेत गर्न © चिन्ह प्रयोग गर्ने पनि चलन छ । तर धेरै मुलुकहरूमा सार्वजनिक अभिलेखको लागि तथा प्रमाण पुऱ्याउन सजिलोको लागि स्वेच्छिक रूपमा दर्ता गराउन सकिने व्यवस्था गरिएको पाईन्छ । नेपालमा पनि यस्तो व्यवस्था गरिएको छ ।

# प्रतिलिपि अधिकारका क्षेत्रहरू

मानिस बौद्धिक र विवेकशील प्राणी भएकोले रचनात्मक र सृजनात्मक कामहरू गर्दछ । यस्ता सिर्जनात्मक र रचनात्मक कामहरू सबै प्रतिलिपि अधिकारको क्षेत्रमा पर्दछन् । तसर्थ प्रतिलिपि अधिकारको दायरा व्यापक र असिमित छ भन्न सकिन्छ । सजिलो गरी बुझ्नका लागि निम्न विषय र क्षेत्रका कामहरूलाई प्रतिलिपि अधिकारको क्षेत्रको रूपमा लिन सकिन्छः-

    

**लेखनकार्यः** लेख, निबन्ध, उपन्यास, कथा, कविता, नाटक, पाठ्यपुस्तक, वेवपेज, विज्ञापन सन्देश, संगीत तथा नृत्यका संकेतहरू आदि ।

**सांगीतिक कार्यः** गीत, संगीत आदि ।

**कलात्मक कार्यः** चित्रकला, मूर्तिकला, रेखाचित्र, फोटोग्राफी, नक्सा, खाकाचित्र आदि ।

**नाट्य वा नृत्य रचनाः** नाटक, ओपेरा (Opera), नाच आदि ।

**चलचित्रजन्य रचनाः** चलचित्र, भिडियो खेल (Video game), टेलिभिजन कार्यक्रम, कार्टुन फिल्म आदि ।

**कम्प्युटर रचनाः** कम्प्युटर प्रोग्राम, सफ्टवेयर आदि ।

## प्रतिलिपि अधिकारको धनी

निश्चित शर्तका अधिनमा रहेर र केही अवधिका लागि कुनै पनि रचना वा कलाकृति उपर भौतिक सम्पत्ति जस्तै भोगचलन गर्ने, बिक्री वितरण गर्ने, र आफु खुसी प्रयोग गर्ने अधिकार प्रतिलिपि अधिकारको धनीलाई हुन्छ । यस्तो अधिकार कसैले उल्लङ्घन गरेमा कानुनी उपचार खोज्ने अधिकार पनि सम्बन्धितलाई हुन्छ । प्रतिलिपि अधिकार यसको रचनाकार वा सर्जकलाई प्राप्त हुन्छ । धेरैले मिलेर रचना वा सिर्जना गरेको भए सामूहिक रूपमा अधिकार कायम हुन्छ । अरूले लाए अऱ्हाएर वा पारिश्रमिक लिएर गरेको अर्थात कामदार कर्मचारीको हैसियतमा गरेको सिर्जनाको अधिकार रोजगारदातामा रहन्छ ।

प्रतिलिपि अधिकार अन्तर्गतको आर्थिक अधिकार अरूलाई बिक्री वा हस्तान्तरण गर्न सकिन्छ । प्रतिलिपि अधिकार अरूलाई दिंदा पूर्ण रुपमा हक छाडेर दिने (Assignment) वा हक नछोडी कुनै अधिकार मात्र प्रयोग गर्न अनुमति (Licenses) दिने गरिन्छ । तर यसरी हस्तान्तरण हुँदा पनि नैतिक अधिकार भने रचयितामा नै रही रहेको हुन्छ ।

## प्रतिलिपि अधिकारहरू

प्रतिलिपि अधिकार अन्तर्गत रचयितालाई विभिन्न खाले एकमुष्ट अधिकार (Bundle of Rights) प्राप्त हुन्छ । यस्ता अधिकारमा रचनाकारलाई सर्वाधिकार (Exclusive Rights) प्राप्त हुन्छ भने केही प्रतिलिपि अधिकार धनीलाई लाभांश पाउने (Remuneration) अधिकार मात्र हुन्छ । बर्न महासन्धि अनुसार

प्रतिलिपि अधिकार दुई किसिमका हुन्छन्ः-

(१) आर्थिक अधिकार (Economic Rights)

(२) नैतिक अधिकार (Moral Rights) ।

आफ्नो रचना उपरको आर्थिक अधिकार अन्तर्गत निम्न कुराहरूमा रचनाकारलाई सर्वाधिकार हुन्छः-

- पुनःउत्पादन गर्ने,
- अनुवाद गर्ने,
- स्वरूप/शैली परिवर्तन गर्ने,
- प्रदर्शन वा प्रस्तुत गर्ने,
- वितरण गर्ने,
- प्रसारण गर्ने,
- सार्वजनिक सञ्चार गर्ने आदि ।



नैतिक अधिकार अन्तर्गत स्रष्टालाई आफ्नो रचनामा निम्नानुसार स्वामित्व/साइनो राख्ने अधिकार रहन्छः-

- आफ्नो रचनामा वास्तविक वा छद्म नाम उल्लेख गर्न पाउने (Right of Paternity),
- रचनाको ख्याति, सम्मान, प्रतिष्ठा कायम राख्ने (Right of Integrity)

## प्रतिलिपि अधिकारको संरक्षण अवधि

प्रतिलिपि अधिकार सधैंलाई पाइरहने कुरो होइन । राज्यको कानूनले रचनाकार र रचनाको किसिम अनुसार संरक्षण अवधिको सीमा तोकेको हुन्छ । संरक्षण अवधि सकिएपछि यस्ता रचना सार्वजनिक सम्पत्ति हुन्छन् ।

बर्न महासन्धिले रचयिताको जीवनभर र मृत्युपछि ५० वर्षसम्म प्रतिलिपि अधिकार संरक्षण गरिदिनु पर्ने न्यूनतम शर्त तोकेको छ । कतिपय मुलुकहरूले यो भन्दा बढी अवधि पनि संरक्षण हुने व्यवस्था गरेका पाइन्छन् । तर कम भने गर्न

हुँदैन । कुनै रचना धेरै जनाले संयुक्त रूपमा तयार गरेको भए सबै भन्दा पछि मृत्यु हुने रचनाकारको मृत्युपछिको ५० वर्षसम्म प्रतिलिपि अधिकार कायम रहन्छ । रचनाको आर्थिक अधिकार रचयिताको मृत्युपछि उसले इच्छाएको व्यक्ति वा हकवालामा सरेर जान्छ ।

अज्ञात रचनाकारको हकमा भने रचना प्रकाशित भएको मितिले ५० वर्ष प्रतिलिपि अधिकार सुरक्षित हुन्छ र यदि रचनाकार ज्ञात हुन आएमा निजको जीवनभर र मृत्युपछिको ५० वर्षसम्म अधिकार संरक्षण हुन्छ । यसै गरेर कुनै रचनाको धनी व्यक्ति नभै संस्था भएमा प्रकाशित भएको मितिले ५० वर्षसम्म मात्र अधिकार रहन्छ । कतिपय मुलुकहरूले रचनाकारको नैतिक अधिकार संरक्षणको कार्यलाई भने अवधि नतोक्ने गरेको पनि पाइन्छ ।

## तत्सम्बन्धी अधिकार (Related Rights)

मूल रचनालाई जनसमक्ष पुऱ्याउने कार्यमा प्रस्तोता, रेकर्ड उत्पादक र प्रसारकहरूको ठूलो सहयोग चाहिन्छ । जस्तो कि एउटा गीतको शब्द तथा संगीत रचनालाई गायक तथा वाद्यवादकले प्रस्तुत गर्दछन्, रेकर्ड कम्पनीले रेकर्ड गरेर उत्पादन गर्दछन् र प्रसारण संस्थाहरूले प्रसारण गरेर जनमानसमा पुऱ्याउँछन् । यसरी यी प्रस्तोता, प्रसारक र रेकर्ड कम्पनीले पनि आफ्नो श्रम, सीप, साधन, सिर्जनात्मक कला र प्रतिभा उपयोग गरेर एउटा कृति बजारमा आउँछ । त्यसैले मूल रचनालाई जनसमक्ष ल्याउन सहयोग गर्ने यस्ता प्रस्तोता, प्रसारक र उत्पादकलाई पनि प्रतिलिपि अधिकार कानून अन्तर्गत अधिकारहरू प्राप्त हुन्छ । यी अधिकारलाई तत्सम्बन्धी अधिकार (Related rights) भनिन्छ ।



## प्रस्तोताको अधिकार (Performers Rights)

कुनै पनि रचनालाई सार्वजनिक रूपमा प्रस्तुत गर्ने काम गर्नेलाई प्रस्तोता भनिन्छ । प्रस्तोता भनेर विशेष गरेर गायक, वाद्यवादक, नर्तक र अभिनयकर्ता आदिलाई जनाउँछ । एउटा गीत गाउँदा, संगीत अनुसार वाद्यवादन गर्दा, नाटक मञ्चन र अभिनय गर्दा वा कलात्मक रूपमा नृत्य गर्दा मात्र रचना बढी जीवन्त हुन्छ । मानिसलाई रचनाले दिन खोजेको मनोरञ्जनको मिठास वा सन्देश सही रूपमा प्रकट हुन सक्छ । आफ्नो कला, प्रतिभा र परिश्रम



वापत प्रस्तोतालाई केही अधिकारहरू प्रतिलिपि अधिकार अन्तर्गत प्राप्त हुन्छ । ती अधिकारहरू निम्न छन्ः-



- आफ्नो प्रस्तुतिको रेकर्ड गर्ने र प्रसार गर्ने
- त्यस्तो रेकर्डको पुनःउत्पादन गर्ने
- प्रस्तुतिलाई इन्टरनेटमा राख्ने आदि ।

यी अधिकार अनुसार प्रस्तुतिको कतै प्रयोग भएको अवस्थामा प्रस्तोतालाई त्यस वापत रोयल्टीको अंश (Remuneration) पाउने अधिकार रहन्छ । यसै गरी आफ्नो प्रस्तुतिमा नाम उल्लेख गर्न लगाउने र त्यसको ख्याती संरक्षण गर्ने जस्तो नैतिक अधिकार पनि प्रस्तोतालाई हुन्छ । रेकर्ड भएको भए सो वर्षवाट र नभएको भए सार्वजनिक प्रस्तुति भएको वर्षवाट ५० वर्षसम्म प्रस्तोताको अधिकार कायम रहन्छ ।

## रेकर्ड उत्पादकको अधिकार



गायन, वादन, नृत्य वा अभिनय आदि प्रस्तुतिलाई रेकर्ड कम्पनीहरूले रेकर्ड गरेर उत्पादनको रूपमा बजारमा ल्याउँछन् । यस्तो काममा धेरै स्रोत, साधन, मेशिनरी, प्रविधि उपयोग हुन्छ । यसको लागि धेरै लगानीको आवश्यकता पर्दछ । यसरी उत्पादन भएका गीत संगीत वा अन्य रचनाका प्रतिहरू (CD, MP3) को बिक्री वा प्रसारण गर्दा केही लाभांश रेकर्ड उत्पादकले नपाउने हो भने यो कार्यमा लगानी भएको श्रम, साधन र पूँजीको असूली हुँदैन । यसैले रेकर्ड उत्पादक कम्पनीहरूलाई आफूले उत्पादन गरेको CD/MP3 को प्रतिलिपि बनाउने, बिक्री वितरण गर्ने, प्रसारण गर्ने र इन्टरनेटमा राख्न अनुमति दिने वा रोक्ने अधिकार हुन्छ । अनुमति दिएको अवस्थामा निश्चित रकम रोयल्टी लिने चलन हुन्छ ।

## प्रसारण संस्थाको अधिकार



रचनाकारको रचना, प्रस्तोताको प्रस्तुति र रेकर्ड कम्पनीको रेकर्डलाई आम जनसमक्ष पुऱ्याउने काम रेडियो, टी.भी. आदि प्रसारण संस्थाहरूले गरेका हुन्छन् । रचनाको प्रचारप्रसार र प्रयोगलाई यी माध्यमले

सहज र व्यापक बनाई दिन्छन् । प्रसारण संस्थाको स्थापना र सञ्चालनमा पनि ठूलो पूँजी र प्रविधिको लगानी आवश्यक पर्दछ । त्यसैले यस्ता संस्थाले प्रसारण गरेका प्रसारणमा पनि उनिहरूको अधिकार रहने व्यवस्था प्रतिलिपि अधिकार कानूनमा गरिएको हुन्छ ।

आफ्नो प्रसारणको पुनः प्रसारण गर्ने (Rebroadcast), त्यसको रेकर्ड गर्ने (Recording) र त्यस्तो रेकर्डको प्रतिलिपि बनाउने (Copying) सर्वाधिकार प्रसारण संस्थालाई हुन्छ । प्रसारण भएको वर्षवाट ५० वर्षसम्म यस्तो अधिकार वहाल रहने कानुनी व्यवस्था रहेको छ ।

## प्रतिलिपि अधिकारको व्यवस्थापन

प्रतिलिपि अधिकार कानूनले प्रतिलिपि अधिकार धनीको स्वीकृति विना कुनै पनि रचनाको उत्पादन, पुनःउत्पादन, प्रसारण र व्यावसायिक प्रयोग गर्न नपाउने व्यवस्था गरेको हुन्छ । यसैले कुनै पनि रचना वा प्रस्तुतिको प्रयोग गर्नु पर्दा हरेक प्रतिलिपि अधिकार धनीको स्वीकृति लिनु र प्रयोग गरे वापत रोयल्टी बुझाउन जानु ज्यादै जटिल, झन्झटपूर्ण, समय र साधन धेरै लाग्ने हुन्छ ।

यसै गरेर स्रष्टा, सर्जक, रचनाकार, प्रस्तोता आदि प्रतिलिपि अधिकार धनीलाई हरेक उत्पादक, प्रसारक र रचनाको प्रयोग गर्नेहरूसँग छुट्टाछुट्टै काम गर्नु पर्दा र रोयल्टी संकलन गरिरहन पर्दा कठिनाई हुन्छ । समय र साधन पनि ज्यादै खर्च हुन्छ । साँच्चै भन्नुपर्दा, पाउने लाभ भन्दा पनि यसको व्यवस्थापन लागत बढी हुन सक्छ ।

यसैले प्रतिलिपि अधिकार धनीहरूले आफ्नो प्रतिलिपि अधिकारको सामूहिक व्यवस्थापन गर्न सामूहिक व्यवस्थापन संगठन (Collective Management Organization -CMO) गठन गर्दछन् । यसलाई रोयल्टी संकलन संस्था पनि भनिन्छ । यस्तो संस्थालाई आफ्नो रचना वा कृतिको प्रतिलिपि अधिकार प्रयोग गर्न अनुमति दिने अख्तियारी दिन्छन् र रचना प्रयोग वापतको रोयल्टी पनि एकमुष्ट यही संस्थामार्फत प्राप्त गर्दछन् ।

प्रतिलिपि अधिकारजन्य वस्तुको पुनःउत्पादन, प्रसारण र प्रयोग गर्ने संस्थाहरूले पनि यी सामूहिक व्यवस्थापन संगठन (CMO) मार्फत एकमुष्ट अनुमति लिन्छन् र सो वापतको रोयल्टी यिनै संस्थालाई बुझाउँछन् । रोयल्टी संकलन संस्थाहरूको कामले प्रतिलिपि अधिकारजन्य वस्तुको प्रयोग र व्यवसाय सहज रूपमा विस्तार हुन्छ । रोयल्टी संकलन संस्था एकै किसिमका प्रतिलिपि अधिकार धनीहरूले एउटा मात्र स्थापना गरेको पाइन्छ । धेरै संस्था भए अनुमति दिने तथा रोयल्टी संकलन र वितरण गर्ने कार्यमा जटिलता आउँछ । यस्ता रोयल्टी संकलन संस्थाहरूको अन्य मुलुकका समान उद्देश्य भएका संस्थाहरूसँग पारस्परिक सम्बन्ध हुन्छ । यस्तो सम्बन्ध भएका संस्थाले एकअर्का मुलुकका प्रतिलिपि अधिकारजन्य वस्तुको प्रयोग गर्न स्वीकृति दिने र रोयल्टी उठाई पठाउने कार्य गर्दछन् । संक्षेपमा भन्दा रोयल्टी संकलन संस्थाका कार्यहरू निम्नानुसार हुन्छन्ः-

- आफ्ना सदस्यहरूको प्रतिलिपि अधिकार भएको रचनाहरू प्रयोग गर्न अनुमति दिने,
- रोयल्टी दर निर्धारण गर्ने,
- प्रयोगकर्ताहरूबाट रोयल्टी संकलन गर्ने र प्रतिलिपि अधिकार धनीहरूलाई वितरण गर्ने,
- विदेशी मुलुकका रोयल्टी संकलन संस्थाहरूसँग पारस्परिक सहयोगको सम्झौता गरी रोयल्टी आदानप्रदानको कार्य गर्ने ।

नेपालमा प्रतिलिपि अधिकार ऐन, २०५९ अनुसार एक विधामा एउटा रोयल्टी संकलन संस्था स्थापना गर्न सकिने र यसको दर्ता तथा अनुगमन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले गर्ने व्यवस्था रहेको छ ।

## प्रतिलिपि अधिकारका सीमा र अपवाद

बौद्धिक सम्पत्ति अधिकारको उद्देश्य सिर्जनात्मक कार्यलाई प्रोत्साहन गर्ने र त्यसबाट समाजलाई फाइदा उठाउने व्यवस्था गर्नु हो । स्रष्टा सर्जक, आविष्कारक र आम जनसमूदायको हित सन्तुलन गर्ने गरी यस सम्बन्धी कानून बनाइएको पाइन्छ ।

प्रतिलिपि अधिकारले कुनै पनि विचार वा धारणा उपर एकाधिकार प्रदान गर्दैन । केवल सादृश्य रूपमा प्रस्तुत अभिव्यक्तिको स्वरूपलाई मात्र संरक्षण गर्दछ ।

त्यो पनि मौलिक हुनु पर्दछ । यसै गरी व्यापक सार्वजनिक महत्वको सरकारी कार्यालय एवं अदालतका निर्णय र आदेशहरू पनि प्रतिलिपि अधिकारको दायर भन्दा बाहिर राखिएको पाइन्छ ।

प्रतिलिपि अधिकारको संरक्षण हुने अवधि कानूनले तोकेको हुन्छ । जस्तो कुनै रचनाको प्रतिलिपि अधिकार त्यसको रचनाकारको मृत्यु भएको न्यूनतम ५० वर्षसम्म रहने व्यवस्था छ । यसपछि त्यस्तो रचना सार्वजनिक सम्पत्ति हुन्छ । यसको उत्पादन, वितरण र प्रयोग गर्दा कसैको स्वीकृति लिन पर्दैन र कसैलाई रोयल्टी तिरी रहन पर्दैन । तर त्यस्तो मूल रचनालाई रूपान्तरण गरेर अर्को कृति तयार पारिएको र त्यसको प्रतिलिपि अधिकार अवधि समाप्त नभएको अवस्थामा भने नयाँ रूपान्तरित रचनाको प्रयोग गर्न स्वीकृति लिनुपर्ने हुन्छ । उदाहरणको लागि कुनै रचनाकारको मृत्यु भएको ५० वर्ष भै सकेको भए निजको रचनाहरूमा प्रतिलिपि अधिकार अवधि समाप्त भै सकेको हुन्छ । तर यदि ती रचनामा आधारित भै तयार पारिएको फिल्म वा गीत भए त्यस्ता फिल्म वा गीतहरूको भने प्रतिलिपि अधिकार अवधि कायमै रहेको अवस्था हुन सक्छ । यसैले त्यस्ता सिनेमा र गीतका हकमा सिनेमा उत्पादक वा संगीतका रचनाकार र प्रस्तोताहरूको स्वीकृति लिएर मात्र सार्वजनिक प्रयोग गर्नु पर्दछ ।



प्रतिलिपि अधिकार धनीको स्वीकृति विना पनि कुनै रचनाको प्रयोग गर्न पाउने विशेष व्यवस्था प्रतिलिपि अधिकार कानूनमा गरिएको पाइन्छ । यसलाई असल नियतको सिद्धान्त (Fair Use Principle) भनिन्छ । यसरी स्वतन्त्र रूपमा अरूको रचना प्रयोग गर्न सकिने अवस्था खास गरेर निम्न हुन्छन्ः-

- कुनै रचनाको सानो अंश उद्धरण गर्दा,
- पढाउने कामको लागि प्रयोग गर्दा,
- समाचार संप्रेषण गर्दा,
- संग्रह वा व्यक्तिगत रूपमा प्रयोग गर्न एक प्रति प्रतिलिपि बनाउँदा ।

उल्लेखित अवस्थामा अरूको रचनाको कुनै सानो अंश उद्धरण गर्दा वा शैक्षिक प्रयोजन र समाचारको लागि अन्यको रचना प्रयोग गर्दा मूल रचना र रचनाकारको नाम तथा स्रोत भने खुलाउनु पर्दछ । व्यक्तिगत प्रयोजनका लागि एक प्रति बनाएकोमा त्यसको व्यावसायिक वा आर्थिक लाभ हुनेगरी प्रयोग गर्न हुँदैन ।

## प्रतिलिपि अधिकारको उल्लंघन

प्रतिलिपि अधिकार धनीको स्वीकृति नलिई अरूको रचना उत्पादन, पुनःउत्पादन, रूपान्तरण, प्रदर्शन, प्रसारण वा प्रस्तुत गर्नु प्रतिलिपि अधिकारको उल्लंघन (Infringement) हो । प्रतिलिपि अधिकारको उल्लंघन गरेर हुने कामले स्रष्टा, सर्जक, कलाकारहरूले आफ्नो प्रतिभा र कला वापत पाउनु पर्ने आर्थिक लाभ र प्रतिष्ठा गुमाउँछन् र थप सिर्जनात्मक काम गर्न प्रोत्साहित हुँदैनन् । यसै गरेर प्रतिलिपि अधिकारजन्य उद्यम व्यवसायहरू जस्तै संगीत रेकर्डिङ, सिनेमा, प्रकाशन, प्रसारण, कम्प्युटर सफ्टवेयर उत्पादनलाई असर पर्दछ । त्यसबाट समाज र देशको साहित्य, कला र संस्कृतिको क्षेत्रमा मात्र नभएर रोजगारी र आम्दानी समेतमा नोक्सान पुग्ने हुँदा आर्थिक-सामाजिक विकासमा नै हानी पुग्दछ । यसैले प्रतिलिपि अधिकार उल्लंघन गरेर हुने कामलाई कानूनले एक अपराधिक काम मानेको पाइन्छ । प्रतिलिपि अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले पनि प्रतिलिपि अधिकारको हक हनन हुने गरी भएका कामहरूलाई नियन्त्रण गर्न राज्यले पर्याप्त कानूनी र प्रशासनिक व्यवस्था गर्नुपर्ने निर्देश गरेका छन् ।

**प्रतिलिपि अधिकार उल्लंघनका प्रकृतिहरू केलाउँदा खास गरेर निम्न भेटिन्छन्:-**

- अरूको रचनाको पूरै वा आंशिक अंश नक्कल गरेर आफ्नो रचना हो भनेर उत्पादन, बिक्री वितरण गर्ने एक खाले प्रवृत्ति छ जसलाई Plagiarism पनि भनिन्छ ।
- अरूको रचना खास गरेर चर्चित पुस्तक, गीत संगीत, चलचित्र, कम्प्युटर सफ्टवेयर, भिडियो गेम आदिको विना अनुमति नक्कली उत्पादन गरी बिक्री वितरण गर्ने कार्य पनि भै रहेको देखिन्छ । यसलाई त प्रतिलिपि अधिकार कानूनले डकैती (Piracy) नै भन्दछ ।
- अहिले डिजिटल प्रविधि र इन्टरनेटको प्रयोग व्यापक रूपमा हुने गरेको छ । यी प्रविधिबाट अरूको रचना तथा प्रतिलिपि अधिकार भएको वस्तुहरू Download, Upload, P2P File sharing गरेर बिक्री वितरण तथा आदान प्रदान हुने गरेको छ । यो प्रवृत्ति प्रतिलिपि अधिकार संरक्षणमा व्यापक चुनौतिको रूपमा उपस्थित छ ।

## कानूनी उपचारको व्यवस्था

प्रतिलिपि अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले प्रतिलिपि अधिकारको उल्लंघन हुने कार्यलाई रोक्न पर्याप्त कानूनी उपचारको व्यवस्था गर्नुपर्ने कुरा उल्लेख गरेको पाइन्छ । विशेष गरेर प्रतिलिपि अधिकार सम्बन्धी अपराधलाई नियन्त्रण गर्न देवानी र फौजदारी दुवै प्रकारका कानूनी उपचारको व्यवस्था गरिने र अन्य मुलुकवाट प्रतिलिपि अधिकार उल्लंघन गरेर माल वस्तु आयात हुनबाट रोक्न भंसारमा नै नियन्त्रण हुने व्यवस्था गर्नुपर्ने जस्ता शर्त बौद्धिक सम्पत्ति सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा राखिएका छन् । मेलमिलाप तथा मध्यस्थता जस्ता विवाद समाधानका सरल उपायहरू पनि अपनाउन सकिने प्रचलन छ ।



## दण्ड सजायको व्यवस्था

प्रतिलिपि अधिकार ऐन, २०५९ ले प्रतिलिपि अधिकारको उल्लंघनलाई फौजदारी प्रकृतिको अपराध मानेको छ र यस सम्बन्धी मुद्दाहरूलाई सरकारी मुद्दाहरूको सूचिमा राखेको छ । यसैले प्रतिलिपि अधिकारको धनीले आफ्नो प्रतिलिपि अधिकार उल्लंघन भएको अवस्थामा सिधै प्रहरी कार्यालयमा जाहेरी दिनु पर्दछ । यो एक विशेष प्रकारको गम्भिर अपराध मानेर नै होला प्रतिलिपि अधिकार उल्लंघन सम्बन्धी मुद्दाको अनुसन्धान र तहकिकात कम्तीमा प्रहरी निरीक्षक तहका प्रहरी कर्मचारीले गर्नु पर्ने ऐनमा उल्लेख छ । यसरी प्रतिलिपि अधिकार उल्लंघन सम्बन्धी मुद्दाहरू सरकारी वकिलको राय बमोजिम प्रहरी मार्फत सम्बन्धित जिल्ला अदालतमा पेश हुन्छन् । प्रतिलिपि अधिकार उल्लंघन गरेर गैरकानूनी काम हुन लागेको छ भन्ने उजुरी परेमा प्रहरीले शंकास्पद स्थानमा खानतलासी गर्ने र गैरकानूनी मालवस्तु जफत गरेर रोक्का राख्न सक्ने व्यवस्था समेत ऐनले गरेको छ । यसै गरेर प्रतिलिपि अधिकार ऐन अनुसार अनाधिकार प्रतिलिपिको पैठारी भएमा बढिमा २० दिनसम्म भंसार विन्दुमा रोक्न सक्ने अधिकार भंसार अधिकृतलाई रहेको छ ।

प्रतिलिपि अधिकार ऐन अनुसार कसैले प्रतिलिपि अधिकारको उल्लंघन गरेमा कसूरको मात्रा अनुसार दश हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ र दोस्रो पटकदेखि पटकै पिच्छे

बीस हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । त्यसरी प्रतिलिपि अधिकारको उल्लंघन हुने गरी प्रकाशन वा पुनरूत्पादन गरेको वा वितरण गरेको वा पुनरूत्पादन गर्न प्रयोग गरिएका सामग्रीहरू जफत हुनेछन् र संरक्षित अधिकारको उल्लंघन गर्ने व्यक्तिबाट प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई परेको नोक्सानीको क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ ।

कुनै रचनाको अनाधिकार प्रतिलिपिहरू पैठारी गरेमा त्यस्तो प्रतिलिपिहरू जफत गरी निजलाई कसूरको मात्रा अनुसार दश हजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना हुनेछ र प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई त्यस्तो पैठारीबाट भएको नोक्सानीको क्षतिपूर्ति समेत सो पैठारी गर्ने व्यक्तिबाट भराई दिनु पर्नेछ । कसैले प्रतिलिपि अधिकार ऐन र यस ऐन अन्तर्गत बनेको नियममा लेखिएका अन्य कुनै कुरा उल्लंघन गरेमा कसूरको मात्रा अनुसार पाँचहजार रूपैयाँदेखि पचासहजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

## प्रतिलिपि अधिकारको अन्तर्राष्ट्रिय संरक्षण



प्रतिलिपि अधिकार सम्बन्धमा राज्यले कानून बनाएर संरक्षणको व्यवस्था गरेको हुन्छ । देशै पिच्छे फरक फरक व्यवस्था हुँदा एउटा मुलुकको रचनाको अन्य मुलुकहरूमा प्रतिलिपि अधिकारको संरक्षण गर्न कठिनाई हुन्छ । त्यस्ता कुरालाई सहज बनाउन सन् १८८६ मा स्वीजरल्याण्डको बर्नमा एउटा अन्तर्राष्ट्रिय सन्धि भएको थियो । यसलाई साहित्यिक र कलात्मक कामको संरक्षणको लागि बर्न महासन्धि (Berne Convention for the Protection of Literary and Artistic Works) भनिन्छ । यसमा नेपाल लगायत हाल १६० मुलुकहरू सदस्य भएका छन् । यस महासन्धिले प्रतिलिपि अधिकार संरक्षणका लागि न्यूनतम मापदण्ड बनाएको छ । जसलाई यसका सदस्य मुलुकहरूले लागू गर्नुपर्ने हुन्छ । यस अनुसार यो सन्धिका सदस्य राष्ट्रहरूले अर्को मुलुकको नागरिकको रचनालाई पनि आफ्नो मुलुकको नागरिकलाई दिने सरहको सुरक्षा दिनु पर्ने हुन्छ । प्रतिलिपि अधिकार सम्बन्धी अन्य महत्वपूर्ण अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा उल्लेखनीय निम्न छन्:

- Rome Convention for the Protection of Performers, Producers of Phonograms and Broadcasting Organizations - 1961
- WIPO Copyright Treaty (WCT) – 1996
- WIPO Performances and Phonograms Treaty (WPPT) – 1996

बौद्धिक सम्पत्ति सम्बन्धी अन्य धेरै अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू छन् । यी सन्धि सम्झौताहरूको प्रशासन गर्ने र विश्वभरि नै बौद्धिक सम्पत्ति व्यवस्था सुदृढ बनाउने काम विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) ले गर्दछ । जेनेभामा प्रधान कार्यालय रहेको यो संस्था संयुक्त राष्ट्र संघको विशिष्टीकृत संस्था समेत हो । नेपाल यस संगठनको सदस्य रहेको छ ।



## सन्दर्भ सामग्री


- प्रतिलिपि अधिकार ऐन, २०५९, नेपाल कानून किताव व्यवस्था समिति
- WIPO Copyright Treaty, 1996, WIPO Publication No. 226(E).
- WIPO Performances and Phonograms Treaty, 1996, WIPO Publication No. 227 (E).
- Berne Convention for the Protection of Literary and Artistic Works, WIPO Publication No. 187(E).
- Rome Convention, 1961, WIPO Publication No. 328(E).
- Understanding Copyright and Related Rights, WIPO Publication No. 909(E).
- नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको कार्यविधि, २०६१ ।
- नेपालको बौद्धिक सम्पत्ति व्यवस्था, बिसु. कुमार के.सी., प्रकाशकः घरेलु तथा साना उद्योग विभाग, त्रिपुरेश्वर ।


NATIONAL SEMINAR ON
COPYRIGHT AND RELATED RIGHTS
November 29-30, 2011
Kathmandu, Nepal
Jointly Organized by


माननीय जिल्ला न्यायाधीशज्यूहरूको लागि आयोजित
प्रतिलिपि अधिकारका विविध पक्षहरू एवं कानून कार्यान्वयनको
अवस्था" विषयक दुई दिवसीय आवासीय
तालिम/कार्यशाला


विषयक

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

रचना, ध्वनिअंकन, प्रस्तुति र प्रसारणको क्षेत्रमा प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारको प्रभावकारी संरक्षणको लागि आवश्यक कार्य गर्न नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना मिति २०६११७ मा भएको हो । प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली, २०६१ अनुसार यस कार्यालयको मुख्य उद्देश्य र कामहरू निम्न रहेका छन् :

- प्रतिलिपि अधिकारजन्य रचनाहरूको दर्ता गर्ने र तिनको विवरण अध्यावधिक गर्ने,
- रोयल्टी संकलन संस्थाहरूको दर्ता गर्ने, ति संस्थाहरूको अनुगमन तथा निरीक्षण गर्ने र रोयल्टी दर सम्बन्धी उजुरी सुन्ने,
- सिर्जना, कला र प्रस्तुतिका क्षेत्रमा क्रियाशील स्रष्टाहरूको हितमा आवश्यक कार्य गर्ने,
- प्रतिलिपि अधिकार सम्बन्धी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।


सम्पर्क:

**नेपाल सरकार**

**सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय**

**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय**

डिल्लीबजार, कलिकास्थान, काठमाडौं

पोष्ट बक्स नं. ४३०, फोन नं. ४४३११५५, फ्याक्स नं. ४४३११४४

email: info@nepalcopyright.gov.np, web: www. nepalcopyright.gov.np